


# बेल्जियम ३२ वर्षपछि सेमिफाइनलमा

## ब्राजिलको यात्रा समाप्त

मस्को, (एजेन्सी)

विश्वकप २०१८ को दोस्रो क्वार्टरफाइनलमा पराजित हुँदै ५ पटकको विश्व च्याम्पियन ब्राजिल प्रतियोगिताबाट बाहिरिएको छ।

प्रतियोगिताको दोस्रो क्वार्टरफाइनलअन्तर्गत शुक्रबार कजान एरेनामा भएको खेलमा बेल्जियमले ब्राजिललाई २-१ ले हराएपछि ब्राजिलको विश्वकप यात्रा टुंगिएको हो। योसंगै ब्राजिललाई हराएको युरोपियन राष्ट्र बेल्जियम ३२ वर्षपछि विश्वकप फुटबलको अन्तिम चारमा प्रवेश गऱ्यो।

बेल्जियमले खेलको १३औं मिनेटमा अग्रता लिन सफल भएको थियो। ब्राजिलका फर्नान्डिन्होले गरेको आत्मघाती गोलबाट बेल्जियमले अग्रता लिएको थियो। कर्नरमार्फत् नासेर चाड्लीले प्रहारलाई क्लियर गर्ने क्रममा उफ्रेको फर्नान्डिन्होको ढाडमा लागेर बल सोझै गोलपोस्टको जाली चुमेको थियो। खेलको ३१औं मिनेटमा काउन्टर अट्याकमार्फत् बेल्जियमले आफ्नो अग्रता दोब्बर पाऱ्यो।

बेल्जियमका लागि रोमेलु लुकालुको एसिस्ट केभिन डि ब्रुयेनले गोल गरेका थिए। जारी विश्वकपमा उनको यो पहिलो गोलसमेत हो। पहिलो हाफमा २-० ले पछि परेको ब्राजिलले दोस्रो हाफमा निक्कै नै मेहनत गर्दै एक गोल फर्काउन सफल भयो। ब्राजिलका लागि स्थापन्न खेलाडी रेनाटो अगस्टोले गोल फर्काएका थिए।

फिलिप कौटिन्होले लेफ्ट फ्लान्कबाट गरेको पासमा उनले हेडमार्फत् उक्त गोल गरेका थिए। तर एक गोल खेलमा फर्कन ब्राजिललाई पर्याप्त रहेन। बेल्जियमको जितमा गोलरक्षक थिबाउट कुर्टोइसले प्रमुख भूमिका खेलेका थिए। उनले ब्राजिलको आधा दर्जन खतरनाक प्रहारलाई विफल पारेका थिए। उक्त खेलमा ९ पटक गोलपोस्टमा सट हानेका बेल्जियमविरुद्ध ब्राजिलले २७ पटक सट प्रहार गरेका थिए।


यससँगै दाबेदार मानिएका ब्राजिल पनि जर्मनी, अर्जेन्टिना र स्पेनसरह घर फर्किएको छ। अब सेमिफाइनलमा बेल्जियमले फ्रान्सको सामना गर्नेछ। यसअघि १९९८ को च्याम्पियन फ्रान्सले २ पटकको च्याम्पियन उरुग्वेलाई २-० ले हराउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेको थियो।



यसअघि बेल्जियम सन् १९८६ मा पहिलोपटक सेमिफाइनल पुगेको थियो। बेल्जियमले ब्राजिललाई पराजित गरेको ५५ वर्षयता यो पहिलो पटक हो भने विश्वकपमा पनि पहिलोपटक हो। सन् १९६५ मा भएको मैत्री खेलमा ब्राजिललाई पराजित गरेको बेल्जियम त्यसयता लगातार ३ खेलमा ब्राजिलसँग पराजित भएको थियो। विश्वकपमा यसअघि सन् २००२ मा भएको अन्तिम १६ को खेलमा ब्राजिलले बेल्जियमलाई २-० ले हराएको थियो।

उक्त हारपछि ब्राजिलका खेलाडी पौलिन्हो र गेब्रियल जिसस विश्वकपको क्वार्टरफाइनलबाट बाहिरिनु निकै निराशाजनक भएको बताएका छन्। दुवैले आफ्नो प्रदर्शन सन्तोषजनक हुन नसकेको स्वीकार गरे। जर्मनीसँग सन् २०१४ को विश्वकप सेमिफाइनलमा ७-१ ले पराजित हुँदा भन्दा पनि यसपटकको हार बढी पीडादायक भएको बताए। पौलिन्होले भने- '२०१४ को हार पनि सहन मुश्किल थियो।

यो हार त्योभन्दा बढी बेल्जियमसँगको हार पीडादायी रह्यो। हामी अन्तिम सेकेन्डसम्म लड्यौं। उक्त खेलमा हामी सबै क्षेत्रमा हावी थियौं।' यस्तै जारी विश्वकपमा गोलको खातासम्म खोल्न नसकेका म्यानचेस्टर सिटीबाट खेल्ने जिससले पनि टोलीको हार र आफ्नो प्रदर्शनबाट निराश भएको बताए।



### क्वार्टरफाइनलका खेलहरू

असार २२ गते

| | | | |
|---|---|---|---|
| फ्रान्स | २ | ० | उरुग्वे |
| ब्राजिल | १ | २ | बेल्जियम |

असार २३ गते

| | | | |
|---|---|---|---|
| इंग्ल्यान्ड | १ | ० | स्विडेन |
| क्रोएसिया | | | रूस |

### सेमीफाइनलका खेल

असार २६ गते

| | | | |
|---|---|---|---|
| फ्रान्स | | | बेल्जियम |

## विश्वकप लगातार युरोपेलीले जित्ने

ब्राजिल बाहिरिएसँगै रुसमा जारी फिफा विश्वकप फुटबलको उपाधि युरोपेली राष्ट्रको पोल्टामा पर्ने निश्चित भएको छ। शुक्रबार भएको दुई क्वार्टरफाइनलमा खेलमा दक्षिण अमेरिकी राष्ट्रहरूको हारपछि युरोपियन राष्ट्रले नै विश्वकप ट्रफी उचाल्ने पक्का भएको हो।

सन् २००२ मा ब्राजिलले विश्वकप जितेयता युरोपियन राष्ट्रले मात्र उपाधि जित्दै आएको छ। पछिल्लो चार संस्करणमा विश्वकपले चार फरक विजेतासमेत पाउने भएको छ। २००६ मा इटाली, २०१० मा स्पेन तथा २०१४ मा जर्मनीले विश्वकप ट्रफी उचालेको थियो।

पहिलो क्वार्टरफाइनलमा दुईपटकको च्याम्पियन उरुग्वे फ्रान्ससँग पराजित हुँदा पाँच पटकको विजेता ब्राजिल मात्र दक्षिण अमेरिकीहरूको आशा थियो। तर ब्राजिललाई दोस्रो क्वार्टरफाइनलमा बेल्जियमले पराजित गरेपछि सेमिफाइनलको दुवै भिडन्त नै अल युरोप हुने भएको छ।

दक्षिण अमेरिकी राष्ट्रमध्ये पेरु समूह चरणबाटै घर फर्किएको थियो भने अर्जेन्टिना र कोलम्बियाले अन्तिम १६ मा यात्रा टुंग्याएका थिए। जारी विश्वकपको क्वार्टरफाइनलको खेलपछि उपाधि होडको अन्तिम ४ का सबै टोली युरोपका छन्।

### विश्वकप २०१८ का गोलकर्ता



**६**
ह्यारी केन (इंग्ल्यान्ड)

**४**
रोमेलु लुकाकु (बेल्जियम)
क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)

**३**
डेनिस चेरिसेभ (रूस)
क्लियन एमबाप्पे (फ्रान्स)
एडिसन काभानी (उरुग्वे)
आर्टेम डजुबा (रूस)
डिएगो कोस्टा (स्पेन)
येरि मिना (कोलम्बिया)
एन्टोइने ग्रिजम्यान (फ्रान्स)

**२**
इडेन हाजार्ड (बेल्जियम)
वाहबी खाज्री (ट्युनिसिया)
लुइस सुआरेज (उरुग्वे)
सर्जियो अग्वेरो (अर्जेन्टिना)
मोहम्मद सलाह (इजिप्ट)
जोन स्टोन्स (इंग्ल्यान्ड)
लुका मोड्रिच (क्रोएसिया)
अहमद मुसा (नाइजेरिया)
एन्ड्रेज ग्रानक्विस्ट (स्वीडेन)
माइल जेदिनाक (अस्ट्रेलिया)
सन हिउँग मिन (दक्षिण कोरिया)
फिलिपे कौटिन्हो (ब्राजिल)
नेयमार (ब्राजिल)




## नाडाल अन्तिम १६ मा

लन्डन, (एजेन्सी)

राफाल नाडालले लन्डनमा जारी विम्बल्डन टेनिस प्रतियोगिताअन्तर्गत अन्तिम १६ मा स्थान सुरक्षित गरेका छन्।

शनिबार तेस्रो चरणको खेलमा स्पेनी खेलाडी एलेक्स डी मीनाउरलाई हराएर चौथो चरणमा पुगेका हुन्। सात वर्षमा तेस्रोपटक नाडाल चौथो चरणमा पुगे। उनले अस्ट्रेलियनमाथि ६-१, ६-२, ६-४ ले हराएका थिए। यस्तै स्वीस खेलाडी रोजर फेडेरर् पनि अन्तिम १६ मा पुगेका छन्।

उता महिलातर्फको शीर्ष खेलाडी रोमानियाकी सिमोना हालेप विम्बल्डनबाट बाहिरिएकी छिन्। फ्रेन्च ओपन विजेता हालेपलाई विश्वको ४८ नम्बरको खेलाडी हसिह सु वेईले तीन सेटमा हराएकी हुन्। तेस्रो चरणको खेलमा ताइवानीले हालेपलाई ३-६, ६-४, ७-५ ले पराजित गरेकी थिइन्। यो जितसँगै सु वेई पहिलोपटक अन्तिम १६ मा पुगिन्।



# विश्वकप जित्न नसकेका महान फुटबलर

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपको क्वार्टरफाइनल सकिँदासम्म डिफेन्डिग जर्मनीसहित ब्राजिल, अर्जेन्टिना, पोर्चुगल, स्पेनजस्ता बलिया मानिएका टोलीहरू बाहिरिसकेका छन्। विश्वकप इतिहासमा सेमिफाइनलको खेल शुरू हुनपूर्व यी टोलीहरू बाहिरिएको पहिलो पटक हो। योसँगै ती टिममा रहेका केही ठूला स्टारको विश्वकप जित्ने सपना पनि अधुरै रह्यो।

लियोनल मेसी, क्रिस्टियानो रोनाल्डो, नेयमारजस्ता अहिलेका उत्कृष्ट फुटबलरहरू बिना नै विश्वकपको फाइनल हुने निश्चित भइसकेको छ। यीमध्ये पनि मेसी र रोनाल्डो त चार विश्वकप खेलेर पनि अन्तिम १६ मा गोल गर्न सफल हुन सकेनन्।

चार वर्षपछि सन् २०२२ मा कतारमा हुने विश्वकपमा रोनाल्डो र मेसीले वा नखेल्ने यसै भन्न सक्ने अवस्था छैन। यदि उनीहरू मैदानमा देखा परेमा ३१ वर्षीय मेसी र ३३ वर्षीय रोनाल्डोले पुन: एकपटक विश्वकप जित्ने प्रयास पक्कै गर्नेछन्। तर, पनि उनीहरूको उमेरका कारण पनि त्यो विश्वकपमा उत्कृष्ट खेल्न सक्छन् भन्नेमै शंका उत्पन्न हुन्छ।

क्लब स्तरको प्रदर्शनलाई विश्लेषण गर्ने हो भने मेसी र रोनाल्डो अहिलेका सर्वश्रेष्ठ खेलाडी हुन् भन्दा कुनै शंका छैन। तर यिनीहरू त्यस्ता खेलाडी पनि हुन् जसले समान ५-५ पटक फिफा वर्ष खेलाडी र ब्यालोन डे ओर अवार्ड पाएर पनि देशका लागि विश्वकप भने दिलाउन सकेका छैनन्।

यस्तो हुने उनीहरू मात्रै होइनन्, योभन्दा पहिला पनि केही उत्कृष्ट खेलाडी पनि यस्तै अभागी ठहरिएका छन्। उनीहरूले आफ्नो खेलले संसारलाई लठ्ठ बनाए तर विश्वकप भने कहिले जित्न सकेनन्।

### क्रुफ



हल्यान्डका जोहान क्रुफ युरोपको इतिहासका सबैभन्दा उत्कृष्ट फुटबलर मानिन्छन्। सन् १८७४ मा पश्चिम जर्मनीमा भएको विश्वकपमा उनले आफ्नो टिमको नेतृत्व गरेका थिए र 'टोटल फुटबल' को रणनीति अपनाउँदै फाइनलसम्म पुगे।

तर त्यो ऐतिहासिक खेलमा उनको टोली जर्मनीसँग १-२ गोल अन्तरले हाऱ्यो। क्रुफले तीनपटक गोल्डेन बलको उपाधि जिते तर विश्वकपको उपाधि भने जित्न सकेनन्।

### भान बास्टेन

यसै गरी हल्यान्डका अर्का अभागी खेलाडी हुन मार्को भान बास्टेन। मार्कोले केवल एकपटक मात्रै विश्वकप खेले। सन् १९९० मा इटालीमा भएको विश्वकपमा उनले खेलेका थिए। १९८८ मा उनले आफ्नो टिमबाट युरोपियन च्याम्पियन्ससिपको उपाधि जितेका थिए। १९९२ मा उनी विश्वका



सर्वश्रेष्ठ खेलाडी भए र गोल्डेन बलसमेत जिते। तर १९९३ मा २८ वर्षको हुँदा खुट्टामा लागेको गम्भिर चोटले उनको करियर समाप्त भयो।

### पुस्कास



फेरेन्क पुस्कासलाई एक सर्वकालीन उत्कृष्ट फरवार्डका रूपमा लिइन्छ। सन् १९५२ मा भएको ओलम्पिकमा उनले आफ्नो टिमलाई स्वर्णपदक दिलाए। १९५४ मा स्विट्जरल्यान्डमा भएको विश्वकपमा उनको टोली फाइनलसम्म पुग्यो पनि। उनको टिम उपाधिको प्रवल दावेदार थियो तर पश्चिम जर्मनीसँग हार्न पुग्यो।

सन् १९६२ मा पुस्कासले स्पेनको नागरिकता लिए र त्यही वर्ष चिलीमा भएको विश्वकप पनि खेले। तर त्यो विश्वकप पनि उनले जित्न सकेनन्।

### स्टेफानो

फिफाले अल्फ्रेडो डी स्टेफानोलाई २० औं शताब्दीका पाँच उत्कृष्ट फुटबलरको सूचीमा समावेश गरेको थियो। उक्त सूचीमा पेले, म्याराडोना, क्रुफ र बेकेनबाउर समावेश थिए।

उत्कृष्ट फुटबलर भएपनि स्टेफानोले विश्वकप जित्न सकेनन्। उनले सन् १९५० र १९५४ को विश्वकपमा अर्जेन्टिनाबाट खेलेका थिए। अर्जेन्टिना छोडेर स्पेनको नागरिकता लिएका उनले १९५८ को विश्वकपमा स्पेनलाई छनौट गराउन सकेनन्। त्यसको चार वर्षपछि चिलीमा भएको विश्वकपमा चोटका कारण उनले खेल्न सकेनन्।

### फेरेरा

पोर्चुगलका महान् फुटबलर युसेबियो



डा सिल्भा फेरेराको जन्म अफ्रिकी देश मोजाम्बिकमा भएको थियो। त्यो समय त्यहाँ पोर्चुगलको शासन थियो। युसेबियो पार्चुगलका महान फुटबलर हुन्। सन् १९६५ मा उनी युरोपका सर्वश्रेष्ठ खेलाडी घोषित भएका थिए।

त्यसको एक वर्षपछि इंग्ल्यान्डमा भएको युरोकपमा युसेबियोले उत्कृष्ट खेल्दै टोलीलाई सेमिफाइनलसम्म पुऱ्याए। तर त्यो खेलमा इंग्ल्यान्डले पोर्चुगललाई १-२ गोलले हरायो। त्यसताका उनी विश्व फुटबल जगत्को महान् खेलाडीमा दरिन्थ्यो। तर उनले फिफा विश्वकपको उपाधि भने पोर्चुगललाई कहिले दिलाउन सकेनन्। उनको दुर्भाग्यलाई अहिले पोर्चुगलका स्टार क्रिस्टियानो रोनाल्डोले पनि दोहोऱ्याइरहेका छन्।

### वेस्ट

फिफा विश्वकप उचाल्न वञ्चित हुनेमा उत्तरी आयरल्यान्डका महान् खेलाडी जर्ज वेस्ट पनि समावेश छन्। उनी सम्मिलित आयरिश फुटबल टोली कहिले पनि विश्वकपमा सहभागी हुन सकेनन्। उनले डेनिस लावी र बबी चार्ल्टनसँग मिलेर १९६८ को युरोपियन कप आफ्नो टिम म्यानचेस्टर युनाइटेडलाई उपाधि दिलाए। त्यही वर्ष उनलाई युरोपका सर्वश्रेष्ठ खेलाडी चुनियो।

यीबाहेक अन्य थुप्रै उत्कृष्ट खेलाडीले विश्वकप जित्न सकेनन्। पाउलो माल्डिनी (इटाली), लुइस फिगो (पोर्चुगल), जिको (ब्राजिल), मिचेल प्लाटिनी (फ्रान्स), रोबर्टो बाजियो (इटाली), गाब्रिएल बाटिस्टुता (अर्जेन्टिना), एलन शियरर (इंग्ल्यान्ड), डेभिड बेकह्याम (इंग्ल्यान्ड), ज्लाटन इब्राहिमोभिच (स्वीडेन) पनि यो सूचीमा समावेश छन्।